# परिच्छेद : एक

# परिचय

## १.१ पृष्ठभूमि

मानव विकासको सुरुवातसँगै शैक्षिक विकासको पनि प्रारम्भ भएको ऐतिहासिक पृष्ठभूमि रहेको छ । यसरी मानव विकासको उन्नति र प्रगतिका लागि शिक्षा एक सशक्त र अपरिहार्य साधनको रूपमा रहेको छ । शिक्षाको विकासलाई दीगो र स्थायीत्व बनाउनका लागि सरकारले पनि पहल गरेको छ । शिक्षा प्रणालीलाई सफल पार्न र सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउनको लागि विद्यालयको व्यवस्थापन पक्षले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तसर्थ समाजको मूल्य मान्यतासँगै शिक्षाको विकास भएको छ ।

नेपालमा व्यवस्थित ढङ्गले शैक्षिक विकासको प्रारम्भ भएको इतिहास त्यति लामो छैन । वि.सं. २००७ सालभन्दा अगाडिको शैक्षिक अवस्थालाई बुझ्ने हो भने नेपालको हाइस्कूलमा दरबार हाईस्कूल र पाटन हाइस्कूल मात्र रहेका थिए । वि.सं. १९९० साल कार्तिक १६ गते एस. एल. सी बोर्डको स्थापना भएपश्चात नेपालमा अधययन गर्ने विद्यार्थीहरूले नेपालबाट नै एस.एल.सी. परीक्षा दिन पाउने व्यवस्था मिल्यो । त्यसपछि वि.सं. १९९६ मा नेपालको शैक्षिक व्यवस्थालाई व्यवस्थित ढङ्गले विकास गर्नको लागि शिक्षाको इस्तिहार जारी भएको थियो । उक्त इस्तिहारले विद्यालय तह र पढाइ हुने विषयको समय अवधि तोकिएको छ । (निरौला, गौतम, २०६२) ।

वि.सं. २००७ सालको प्रजातन्त्र प्राप्ति पछि राजनैतिक परिवर्तनसँगै विभिन्न आयोगहरूको गठन भयो । उक्त आयोग गठनको साथै शिक्षा समिति एवम् परिषदहरूको गठन भयो । यिनै परिषदहरूको सुझाव र सल्लाहअनुसार शिक्षालाई व्यवस्थित गर्नका लागि योजना तर्जुमा गर्ने काम भयो । त्यस्तै गरी वि.सं. २०२८ मा 'राष्ट्रिय शिक्षा पद्धतिको योजना' गठन भयो । यसले शिक्षा क्षेत्रमा समय सान्दर्भिक शैक्षिक व्यवस्थापन गर्नका निम्ति युगान्तकारी परिवर्तनहरू ल्यायो । यस योजनाले शिक्षाका राष्ट्रिय र तहगत उद्देश्यहरू निर्धारण गरी पाठ्क्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्रीहरूको निर्माण, शिक्षाको संरचनामा हेरफेर, शिक्षाको प्रशासनिक सङ्गठन र निरीक्षण प्रणालीमा सुधार, शिक्षक तालिम र सेवा सुरक्षा जस्ता पक्षहरूमा उल्लेखनीय योजनाहरू प्रस्तुत गऱ्यो (शर्मा एण्ड शर्मा, २०६१) ।

शिक्षण सिकाइ प्रक्रियाको मूख्य अभिप्राय भनेको शिक्षण योजनाको उद्देश्य प्राप्त गर्नु हो । निश्चित उद्देश्य प्राप्त गर्नका लागि कक्षाकोठाभित्र शिक्षक र विद्यार्थीहरूबीच हुने

अन्तरक्रियाबाट प्राप्त हुने अनुभव शिक्षण सिकाइ हो । त्यसैले शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक विद्यार्थी विद्यालयका सुविधा अन्तरगत कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्रीको व्यवस्थापन आदिले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । विषयवस्तुको प्रकृति सिकारुको रुची र क्षमताको आधारमा पाठको उद्देश्यअनुसार शैक्षिक सामग्रीको व्यवस्थापनमा सुधार गर्नु पर्दछ । यसरी शिक्षण योजनाको उद्देश्य प्राप्तिमा शैक्षिक सामग्रीको व्यवस्थापन र त्यसको सही प्रयोगले सिकाइमा प्रत्यक्ष प्रभाव पारेको हुनाले सर्वप्रथम (सामुदायिक) विद्यालयहरूमा शैक्षिक सामग्रीको व्यवस्थापन गरेको हुनु पर्छ र अनि मात्र शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्नु पर्छ (काफ्ले, दाहाल, २०६६) ।

शिक्षाप्रणालीको सबैभन्दा सक्रिय व्यवहारिक र पाठ्यक्र, विषयवस्तु, शिक्षक, विद्यार्थी, भौतिक तथा मानवीय स्रोतहरूलाई एकै ठाउँमा ल्याई प्रशोधन गर्ने प्रयोगशाला हो । जबसम्म कक्षाकोठामा भौतिक अवस्था तथा भौतिक सामग्रीहरूको उचित व्यवस्था हुदैन तबसम्म शिक्षण सिकाई प्रभावकारी हुदैन । यसरी शिक्षण कार्यलाई प्रभावकारी र उद्देश्यमुलक बनाउन भौतिक पक्षको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले भौतिक सामग्री पर्याप्त भएर मात्र हुदैन यसको सही ढङ्गले संयोजन र परिचालन गर्नु पर्दछ । शैक्षिक सामग्ी तथा पाठ्यसामग्रीको व्यवस्थापन गर्दा विद्यार्थीहरूको स्तर, चाहना, क्षमतालाई ध्यान दिनु पर्दछ (आचार्य,भट्टराई, २०६६) ।

शैक्षिक सामग्री भन्नाले शिक्षण कार्यलाई सहज बनाउन सहयोग गर्ने साधन हो । शिक्षाको लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न विषयवस्तुसँग सम्बन्धित कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा प्रयोग गरिने स्रोत साधन नै शैक्षिक सामग्री हो । शैक्षिक सामग्री शिक्षण सिकाइ क्रियाकलापको आकर्षक मात्र होइन, यसको प्रयोगले कक्षा सञ्चालन एवम् विषयवस्तुको प्रस्तुतिलाई अर्थपूर्ण र ज्ञानवर्द्धक पनि बनाउँछ । शैक्षिक सामग्रीको उचित व्यवस्थापन गर्नु नै बालबालिकहरूलाई सामग्रीको सहयोगद्वारा पठनपाठन गर्नु हो । विद्यालयको शैक्षिक कार्यक्रमलाई प्रभावकारी उपलब्धिमुखी बनाउन र शिक्षा प्रणालीले राखेका लक्ष्य प्राप्तिमा शैक्षिक सामग्रीले महत्वपूर्ण भूमिका खेल्दछ (अधिकारी, २०६२) ।

शिक्षण सिकाइ प्रक्रियामा शैक्षिक सामग्रीलाई धेरै अगाडिदेखि प्रयोग गरिदै आएको पाइन्छ । विद्यालय प्रणालीको विकाससँग शैक्षिक सामग्री जस्तै विभिन्न धर्मग्रन्थहरूको प्रयोग हुन सुरु भएको हो । डी इरममोसले १५ औं शताब्दीमा सिकाइमा सम्झने प्रक्रियाभन्दा दृश्यात्मक

प्रक्रिया हुनु पर्दछ भन्ने विचार दिएका थिए । कोमेनियसले १७ औं शताब्दीमा चित्रसहितको सामग्रीको प्रकाशित गरेका थिए । पेस्तालोजीले प्रत्यक्ष वस्तु प्रयोग गरी बालकको ज्ञानेन्द्रीयहरूलाई तालिम दिइनु पर्नेमा जोड दिएका थिए । यसरी प्रचीन समयदेखि नै शैक्षिक सामग्रीलाई प्राथमिकता दिएको पाइन्छ (काफ्ले, खनाल, नेपाल, २०६६) ।

शैक्षिक सामग्रीको महत्व सम्बन्धमा कन्फुसियस भन्दछन् - “हजार शब्द बोलेर बुझाउने कुरा एउटै चित्रबाट प्रष्ट हुन्छ” (आचार्य, खनाल, २०६६:७७) ।

## १.२ समस्याको कथन

शैक्षिक सामग्रीलाई योजनावद्ध एवम् प्रभावकारी ढङ्गले प्रयोग गरी बालबालिकाहरूको शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्ने हैसियतले शिक्षाको विकाससँगै शैक्षिक सामग्रीको पनि वैज्ञानिककीकरण हुँदै आएको ऐतिहासिक पृष्ठभूमि छ । शैक्षिक सामग्रीको सम्बन्धमा १५ औं शताब्दी देखि विकास हुँदै आएको भएतापनि शैक्षिक सामग्री निर्माणको लागि तालिमको अभाव, दक्ष जनशक्तिको अभाव र उपयुक्त सामग्रीहरूको भण्डारण गर्ने ज्ञानको कमिले गर्दा प्रभावकारी शिक्षणका लागि सामग्रीको समस्या देखिएको छ ।

शैक्षिक सामग्रीको प्रयोग खास गरी विद्यार्थीहरूको कक्षा शिक्षणमा रोचकता एवम् उत्साहपूर्ण वातावरण सिर्जना गर्नका लागि शैक्षिक सामग्रीको अपरिहार्यता देखिन्छ । तर विद्यालयको भौतिक, शैक्षिक, सामाजिक, आर्थिक व्यवस्थापनको कमजोर पक्षले गर्दा सबै विद्यालयहरूमा समानरुपमा सामग्रीहरूको व्यवस्थापन एवम् प्रयोग भएको छैन । त्यसैले विद्यार्थीहरूको शिक्षण सिकाइमा पनि समानरुपमा प्रभाव नपारी तुलनात्मकरुपमा लेखाजोखा गर्न समस्या रहेको छ ।

शिक्षाको योजनावद्ध विकास गर्न तथा शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्नका लागि वि.सं. २००७ साल पश्चात जतिपनि आयोग गठन भई शिक्षाको पहुँच घरमा पुऱ्याउने सुझाव दिए र जुन रुपमा त्यसको कार्यान्वयन भयो । त्यबबाट सन्तोषजनक रुपमा अपेक्षित उपलब्धी हासिल भएको पाइएन । वर्तमान समयको परिप्रेक्षमा पनि शिक्षाको पहुँच अभिवृद्धि गर्न विद्यालय र समुदायबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुनु पर्छ । तर कतिपय विद्यालयहरूमा त्यस्तो सम्बन्ध रहेको पाइदैन जसले गर्दा विद्यालयका शैक्षिक सामाग्रीको व्यवस्थापन पक्षमा समानरुपमा सुधार गर्न र शिक्षण कार्यलाई पनि समानरुपमा विकास गर्न समस्याको रुपमा रहेको पाइएको छ ।

शैक्षणिक सामग्रीको उचित प्रयोगबाट विषयवस्तुलाई सरल ढङ्गले सिकारु समक्ष पुऱ्याउन सकिन्छ । तर यसो नभएर विषयवस्तुसँग मेल नखाने, खर्चिलो र सहजै प्राप्त गर्न नसकिने शैक्षणिक सामग्रीको प्रयोग भएमा शिक्षण कार्यलाई अर्थहीन बनाउँदछ । तसर्थ शैक्षिक सामग्रीको व्यवस्थापन गर्नका लागि योग्य एवम् तालिमप्राप्त शिक्षकहरूको आवश्यकता पर्दछ । तर सबै विद्यालयहरूमा त्यस्ता शिक्षकहरूको अभावले गर्दा शैक्षिक सामग्रीहरूको व्यवस्थापनमा समस्या रहेको छ ।

## १.३. अध्ययनको औचित्य

विद्यालयका व्यवस्थापकीय प्रभावकारी योजना र त्यसको समुचित कार्यान्वयनबाट मात्र विद्यालयको चौतर्फी विकास भई शैक्षिक प्रगतिमा सुधार हुन्छ । यसका लागि विद्यालय र समुदायको सम्बन्ध सदैव असल रहनु पर्दछ किनकि विद्यालय समुदायको लागि स्थापना भएको हुन्छ । यस अर्थमा समुदायबाट विद्यालय सदैव संरक्षित रहनु पर्दछ । तथापि विद्यालय र समुदायमा राम्रा् सम्बन्ध हुँदा विद्यालयमा आवश्यक पर्ने विविध पक्षको व्यवस्थापन राम्रो सुधार रहेको हुन्छ । जसले गर्दा शिक्षण कार्य उपलब्धीमूलक र गुणस्तरयुक्त हुन्छ ।

प्रस्तुत विषयमा शोधपत्र तयार गर्न मूल औचित्य सामुदायिक विद्यालयमा शैक्षिक सामग्रीहरूको निर्माण एवम् संकलन गर्ने प्रक्रिया के कस्तो रहेको छ उक्त सामग्रीहरूको भण्डारण एवम् प्रयोगको प्रभावकारिता विद्यालयहरूमा समान छन् वा छैनन्, विद्यालयमा रहेका शैक्षिक सामग्रीहरूको निर्माण गर्नका लागि सबै विद्यालयमा योग्य एवम् तालिमप्राप्त शिक्षक छन् वा छैनन्, शैक्षिक सामग्री निर्माण र सङ्कलन गर्नका लागि सम्बन्धित पक्षबाट तालिम सञ्चालन हुन्छ वा हुदैन, शैक्षिक सामग्रीहरूको व्यवस्थापनमा देखिएका समस्याहरू कत्तिको समाधान गर्न सकिन्छ र शैक्षिक सामगी्रको निर्माण एवम् खरिद गर्नमा वि.व्य.स. को चासो कस्तो रहेको छ जस्ता पक्षहरूलाई समेटिएको छ ।

विद्यालयको शैक्षिक प्रणालीलाई प्रभावकारी ण्ङ्गले विकास गर्नका लागि शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका रहेको छ । यसर्थ शैक्षिक सामग्री विषयवस्तुसँग सम्बन्धित विद्यार्थीहरूको उमेरस्तर र रुचीमा आधारित हुन अपरिहार्य छ । यसरी शैक्षिक सामग्री सही ढङ्गले व्यवस्थमन गर्दा विद्यार्थीहरूको सिकाइमा प्रभावकारिता ल्याउनको साथै शिक्षकहरूको शिक्षण गर्ने कलाको विकास गराउँदछ । विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्थापन पक्ष राम्रो भए आवश्यक सामग्रीहरू सहजरुपमा उपलब्ध हुन सक्छ । विद्यार्थीहरूमा ज्ञान हासिल

गर्नका लागि अभिप्रेरित हुनको साथै सिर्जनात्मक क्षमताको विकास हुन्छ र बालमनोविज्ञानमा आधारित भएर शिक्षण गर्न सहयोग गर्दछ ।

शिक्षण कार्यलाई सफल पार्न शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका हुन्छ । उक्त सामग्रीहरूलाई कार्यान्वयन गर्न विद्यालयका प्र.अ., शिक्षक एवं विद्यार्थीहरूको ठूलो भूमिका हुन्छ । यसरी शैक्षिक सामग्रीको व्यवस्थापन एवं निर्माण कार्यमा प्र.अ., शिक्षकलाई सीपयुक्त जनशक्ति बनाउनको साथै विद्यार्थीहरूलाई प्रभावकारी शिक्षा उपलब्धिका लागि सहयोग गर्दछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार छन् :

क) सामुदायान जाने वद्यालयहरूको शैक्षिक सामग्रीको निर्माण र सङ्कलन गर्ने प्रक्रियाको अध्ययन गर्नु ।

ख) शैक्षिक सामग्रीहरूको भण्डारण र प्रयोगको प्रभावकारीताको व्यवस्थापनको लेखा जोखा गर्नु ।

ग) शैक्षिक सामग्रीको समग्र व्यवस्थापनका तौर तरिकाहरुको पहिचान गरी समाधानका उपायहरू सुल्झाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

विद्यालयको शैक्षिक प्रणाली प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न र सिकाइ कार्यलाई व्यवहारिक एवम् औचित्यपूर्ण बनाउन शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जुनसुकै विद्यालयहरूमा शिक्षा प्रणालीलाई सफल पार्न र सिकाइ क्रियाकलापलाई रुचीपूर्ण र अर्थपूर्ण बनाउन शैक्षिक सामग्रीको उचित व्यवस्थपन गर्न नितान्त आवश्य देखिएको छ । यस शोधपत्र तयार गर्नका लागि अनुसन्धानकर्ताबाट निम्न प्रश्नहरू प्रस्तुत गरिको छ :

क) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न शैक्षिक सामग्रीको व्यवस्था कस्तो छ ?

ख) शैक्षिक सामग्री निर्माणको लागि तालिमको व्यवस्था हुन्छ कि हुँदैन ?

ग) शैक्षिक सामग्री भण्डारण गर्नको लागि छुट्टै कोठाको व्यवस्था छ कि छैन ?

घ) शैक्षिक सामग्री व्यवस्थापनमा देखिएका समस्याहरू के के हुन् ?

ङ) शैक्षिक सामग्री प्रयोगको प्रभावकारिता छ कि छैन ?

च) शैक्षिक सामग्री निर्माण तथा सङ्कलन गर्दा आइपर्ने समस्याहरू के हुन् ?

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन सामुदायिक विद्यालयहरूमा शैक्षिक सामग्रीको व्यवस्थापनको अध्ययन हो । यस अध्ययनमा अनुसन्धानकर्ताबाट शैक्षिक सामग्रीको व्यवस्थापन अध्ययन हो । यस अध्ययनमा अनुसन्धानकर्ताबाट शैक्षिक सामग्रीको व्यवस्थापनको अवस्थाबारे पत्ता लगाउनु, शैक्षिक सामग्रीको व्यवस्थापनमा देखिएका समस्यालाई सुल्झाउने जस्ता पक्षमा केन्द्रित रही धनकुटा जिल्लाको सिंधुवा स्रोतकेन्द्र अन्तर्गतका २२ वटा विद्यालयहरू मध्ये नमूना छनौटबाट ७ वटा प्राथमिक विद्यालयहरूलाई (आधारका रुपमा लिई) अध्ययन गरिएको छ ।

## १.७ शब्दहरूको परिभाषा

यस अध्ययन अनुसन्धानको क्रममा निम्नअनुसार केही शब्दका परिभाषाहरू प्रयोग गरिएका छन् :

क) अनुसन्धानकर्ता = सम्बन्धित क्षेत्रमा गएर खोजी गर्ने व्यक्ति

ख) प्रभावकारी = उपलब्धिमूलक वा व्यवहारमूलक

ग) युगान्तकारी = समयसान्दर्भिक वा समयको मागअनुसार

घ) सामग्री = पठनपाठन कार्यमा विषयवस्तु सँग प्रयोग हुने स्रोत साधन

ङ) उद्देश्य = अपेक्षित उपलब्धि

च) भौतिक सामग्री = प्रत्यक्ष देख्न सकिने वस्तुहरू

छ) दक्ष जनशक्ति = कुनै पनि विकास गर्नका लागि आवश्यक पर्ने सीप क्षमता भएका

ज) भण्डारण = सुरक्षित गर्ने छुट्टै ठाउँ

झ) सुल्झाउनु = समाधान गर्नु

ञ) धर्मग्रन्थ = विभिन्न धर्ममा आधारित पुस्तकहरू

ट) पहिचान = हेर्नु अवलोकन गर्नु

ठ) स्तर =तह निर्धारण गर्नु

ड) व्यवस्था गर्नु = उपलब्ध गराउनु

ढ) प्रधानाध्यापक = विद्यालयका प्रमुख व्यक्ति

ण) स्रोत = तथ्याङ्क सङ्कलन गर्ने आधार

# परिच्छेद : दुई

# सम्बन्धित सैद्धान्तिक खाका र साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक खाका

हेनरी फे्योल (१९१६) का अनुसार फ्रान्समा बिग्रदो अवस्थामा रहेको कोइला खानीलाई सफल व्यवस्थापनको नेतृत्व गरी रोमाञ्चकारी बनाइदिए । ५० वर्षको व्यवस्थापन अनुभवको आधारमा व्यवस्थापकहरूलाई स्पष्ट मार्गनिर्देशन गर्न र व्यवस्थापनलाई व्यवस्थित गर्न योगदान दिए ।

उनले व्यवस्थापन सञ्चालनका लागि अन्तरसम्बन्धित क्रियाकलाप उल्लेख गरेअनुसार वस्तुको उत्पादन तथा निर्माणसँग क्रियाकलाप सम्बन्धित छन् । आवश्यक सामग्री खरिद गर्न, प्रयोग गर्न, सुरक्षा गर्न, सङगठन नियन्त्रण गर्न, व्यवस्थापकीय क्रियाकलाप हुन् ।

हेनरी फे्योलका व्यवस्थापन सिद्धान्तअनुसार कामदारले कार्यविभाजन गर्दा कार्यक्षमता र दक्षतामा अभिवृद्धि गर्छ र कर्मचारीको स्तर र क्षमताअनुसार उत्तरदायित्व प्रदान गर्नु पर्छ । कर्मचारीहरूलाई अनुशासनले कार्य गर्नमा नियमितता प्रदान गरी कामदारको क्रियाकलापमा समन्वयात्मकता ल्याउन सहयोग गर्दछ । कर्मचारीहरूलाई सन्तुष्ट हुने गरी सेवाशर्त सुविधाको व्यवस्था गर्नु पर्छ र सबै कर्मचारीलाई समानताको सिद्धान्तमा आधारित हुनु पर्दछ । सही व्यक्ति तथा कर्मचारी सही ठाउँमा राख्ने व्यवस्था हुनु पर्दछ र प्रत्येक आवश्यक स्रोत साधन राख्ने निश्चित र छुट्टै ठाउँको व्यवस्था हुनु पर्दछ । कर्मचारीलाई पेशाप्रति आकर्षित गर्ने, उत्प्रेरणा प्रदान गर्ने, काममा दक्षता बढाउने कार्य गर्नु पर्दछ (कोइराला, श्रेष्ठ, २०६३ बाट उदृत) ।

इभान पी. प्याभलभका (१९०४) अनुसार दृश्य र अदृश्य दुवै प्रकारको प्रभाव प्राणीको सिकाइमा पर्दछ भनी प्रमाणित गरेका छन् । सर्वप्रथम उनले आफ्नो प्रयोगात्मक अनुसन्धानलाई सफल पार्नको लागि कुकुर, घण्टी, कुकुर बाँध्ने चेन र प्रयोगशालाको व्यवस्थापन गरेका थिए । लामो समयको प्रयोगको अन्तरालमा कुकुरले खाना खाँदा मात्र ऱ्याल ननिकाली खाना देख्दा, खानाको सुचना प्राप्त गर्दा पनि ऱ्याल निकाल्नु जस्ता क्रियाकलाप अनुसन्धान सफल हुनु हो । यहाँ खाना देख्नु दृश्य तत्व हो भने सुचना प्राप्त गर्नु अदृश्य तत्व हो, यसरी दुवै तत्वबाट एउटै प्रतिक्रिया देखाउने बानीलाई अभ्यास भनिन्छ । प्याभलभ एउटा भोको कुकुरलाई यान्त्रिकरुपबाट तयार गरेको प्रयोगशालामा

राख्छन् र कुकुरलाई कुनै प्रकारको दुःख हुन दिएको छैन र कुकुरलाई खाना दिने स्वचालित उपकरणको प्रयोग गरिएको छ । यस प्रयोगात्मक क्रियाकलापमा कुकुरका प्रत्येक क्रियाकलापलाई अनुसन्धानकर्ताले अवलोकन गरेको छ । कुकुरले खाना देख्नासाथ प्रतिक्रिया देखाउन थाल्छ । त्यसैले यस प्रयोगमा खाना स्वाभाविक प्राकृतिक उत्तेजना हो भने घण्टी अस्वाभाविक कृत्रिम उत्तेजना हो । खानाबाट ऱ्याल आउनु स्वाभाविक प्रतिक्रिया हो भने घण्टीबाट ऱ्याल आउनु पनि स्वाभाविक प्रतिक्रिया हो ।

यस प्रयोगमा खाना र घण्टीको सम्बन्ध स्थापना गराई एउटै प्रकारको नतिजा आउनु सम्बन्ध प्रत्यावर्तनको सिद्धान्त हो (शर्मा एण्ड शर्मा, २०६४ बाट उदृत) ।

Max Weber का अनुसार कर्मचारीतन्त्रले आधुनिक सिद्धान्तको आधारशिला खडा गरेका थिए । कर्मचारीहरूलाई पनि तल्लो तहदेखि माथिल्लो तहसम्मको स्तर, पद, अधिकार र आफ्नो दायित्वको व्यवस्था भए काम गर्नमा उत्सुकता देखाउँछन् भन्ने पक्षमा जोड दिए । कर्मचारीहरूको सङ्गठन र क्रियाकलापलाई सुव्यवस्थित ढङ्गले कार्यविभाजन गर्नु पर्दछ र उनीहरूको योग्यताको आधारमा कार्यसम्पादनको निष्पक्ष मूल्याङ्कन गर्नु पर्दछ ।

उनको सिद्धान्तअनुसार कर्मचारीहरूको कार्यविभाजन गरी दायित्व स्तरको आधारमा व्यवस्थापन गरे कुनैपनि कार्य गर्नका लागि अभिप्रेरित हुने क्षमता, दक्षतामा वृद्धि हुने जस्ता पक्षमा जोड दिएका थिए (कोइराला, श्रेष्ठ, २०६३ बाट उद्धृत)

## २.२ सम्बन्धित साहित्यको पुनारवलोकन

राउत, (२०६३) ले तयार पार्नु भएको शोधपत्रअनुसार शैक्षिक सामग्रीको व्यवस्थापन एवम् प्रयोगमा गरिएका विद्यालयहरूको विज्ञान विषयको एस.एल.सी नतिजालाई हेर्दा औषत उपलब्धी ७०% भन्दा बढी रहेको पाइएको छ । शैक्षिक सामग्रीहरूको व्यवस्थापन एवम् कम प्रयोग भएका विद्यालयको विज्ञान विषयको औषत उपलब्धि ६२% मात्र रहेको छ । शैक्षिक सामग्री प्रयोग नगरेका विद्यालयमा ५०% मात्र औषत उपलब्धि रहेको पाइएको छ ।

विज्ञान विषयको शिक्षणमा आएका समस्याहरूलाई समाधान गर्न शैक्षिक सामग्री समयमा नै व्यवस्थापन र प्रयोगशालाको उचित व्यवस्था गर्नु पर्ने, तालिमको व्यवस्था गर्नु पर्ने, पाठ्यक्रम एवम् शिक्षक निर्देशिकाको व्यवस्था मिलाउनु पर्ने, स्थानीय स्रोत र साधनमा जोड दिनु पर्ने जस्ता पक्षमा जोड दिएका छन् (राउत २०६३) ।

काफ्ले, दाहाल (२०६३), द्वारा तयार पारिएको मासिक सोपान शिक्षा विशेषाङ्कमा शिक्षण सिकाइलाई प्रभावकारी बनाउन कक्षाकोठामा आवश्यक सामग्रीहरूको व्यवस्थापन उचित स्थानमा हुनु पर्दछ । कालोपाटी, डेक्सबेञ्च, पाठ्यपुस्तक, शिक्षक निर्देशिका ठीक ठाउँमा नराखेमा विद्यार्थीहरूको स्थान पूर्णरुपमा केन्द्रित हुदैन र सिकाइ प्रभावकारी हुँदैन भन्ने उल्लेख गरेको पाइएको छ (काफ्ले, दाहाल, २०६३) ।

निरौला (२०६२), ले तयार पार्नु भएको शोधपत्रअनुसार विद्यार्थीहरूको सिकाइ उपलब्धीदरमा अभिवृद्धि गर्न विद्यालयको भौतिक व्यवस्थापनमा सुधार गर्नु पर्दछ । भौतिक पक्षहरूमा सुधार भएका विद्यालयहरू भए सिकाइ उपलब्धी दर, कक्षा छोडने दर, विद्यार्थी भर्ना दर राम्रो रहेको पाइएको छ ।

विद्यालय समुदायद्वारा हुने व्यवस्थापनमा देखिने समस्याहरूलाई सुल्झाउनका लागि विद्यालयमा आवश्यक पर्ने स्रोत साधनहरूको परिचालित हुनेगरी सीपयुक्त तालिमकोहरूको व्यवस्था गर्ने, शिक्षामा गर्ने लगानीको वृद्धि गरी व्यवसायिक एवम् रोजगारमूलक शिक्षामा जोड दिने पाइएकोछ (निरौला, २०६२) ।

शिक्षा नियमावली २०५९ को तेस्रो संशोधन (२०६२) परिच्छेद १५ को नियम ८५ मा विद्यालयमा पढाउने पाठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्था गरिएको छ । उक्त नियममा राज्यका सबै विद्यालयहरूले मन्त्रालयबाट स्वीकृत पाठ्यक्रमको आधारमा तयार पारिएको पाठ्यपुस्तक तथा पाठ्यसामाग्री प्रयोग गर्न पाउने व्यवस्था रहेको छ ।

उक्त नियमावलीको परिच्छेद २४ को नियम १२२ मा पुस्तकालय खोल्ने स्वीकृतिको व्यवस्था रहेको छ । १२२ को उपनियम (१) मा पुस्तकालय खोल्न चाहने विद्यालयहरूले भौतिक व्यवस्थापन पक्षको विवरणहरू खुलाइ अधिकारी समक्ष दरखास्त दिनुपर्ने व्यवस्था रहेको छ । उक्त नियमको उपनियम (३) मा उल्लेखभएअनुसार उक्त सेवा सुविधाहरूको पर्याप्ता भएमा पुस्तकालय खोल्न स्वीकृत दिने व्यवस्था रहेको छ (अधिकारी, २०६२) ।

भट्टराई र आचार्य, (२०६२) ले प्रस्तुत गर्नु भएको शैक्षणिक विधि पुस्तकमा शिक्षण सामग्रीको प्रभावकारीतामा जोड दिनका लागि शैक्षि सामग्रीको उचित व्यवस्थापन हुन अपरिहार्य रहेको छ । व्यवस्थित र सुरक्षित गरि संरक्षण गरिएका स्रोत साधनहरू प्रयोग गर्नमा सहज हुने र लामो समयसम्म टिकाउ हुने कुरा उल्लेख भएको छ । उक्त पाठ्यपुस्तकमा शैक्षिक सामग्रीले बालबालिकाहरूको ज्ञानेन्द्रीय सक्रिय बनाउँछ र विषयवस्तु

सिक्नका लागि अभिप्रेरित गराइ दीर्घकालीन सीपको लागि सहयोग गर्दछ भन्ने कुरा बताइएकोछ (भट्टराई र आचार्य, २०६६) ।

उपाध्याय, (२०६६) ले प्रस्तुत गर्नु भएको घर पनि विज्ञानको प्रयोगशाला भन्ने लेखमा उल्लेख गरेअनुसार विज्ञानका पर्याप्त साधन स्रोतहरूको अभावमा विद्यार्थीहरूले प्रोजेक्टवर्कका रुपमा घर पनि विभिन्न साधन स्रोतहरूको व्यवस्थापन एवम् प्रयोग गर्ने प्रयोगशालाको रुपमा विकास गर्न सकिने उल्लेख गरिएको छ (उपाध्याय, २०६६) ।

अधिकारी, (२०६४) ले प्रस्तुत गर्नु भएको माध्यमिक शिक्षक दिग्दर्शनमा समाविष्ट गरिएको रा.शि.प.यो. २०२८ ले ल्याएको सुधारमा शिक्षण पद्धति र शिक्षण सामग्रीको व्यवस्था उल्लेख गरिएको छ । उक्त व्यवस्थामा नयाँ तरिकाले सिकाउने पद्धतिको विकास गर्न र नयाँ ढङ्गबाट शिक्षण गर्न शैक्षिक सामग्रीको उचित व्यवथा गर्नुपर्ने कुरामा जोड दिएको छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) ले सुझाव दिएअनुसार विद्यालयको शैक्षिक प्रणाली सुधार गर्नको लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा सहायक सामग्रीको स्तर निर्धारण गर्नु पर्ने कुरामा जोड दिएको छ (अधिकारी, २०६४) ।

## २.३ शैक्षिक उपादेयता

प्रस्तुत शोधपत्रमा उल्लेखित सिद्धान्तअनुसार विद्यालयको समग्र शिक्षा प्रणालीको विकास गर्न अभिभावक, वि.व्य.स., प्र.अ., शिक्षक, विद्यार्थी लगायत विद्यालयको वातावरणले महत्वपूर्ण प्रभाव पारेको हुन्छ । कुनैपनि विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीको उपलब्धता भएर मात्र शिक्षण कार्य सफल हुदैन । तसर्थ उक्त सामग्रीहरूको सही तरिकाले संरक्षण गर्न, प्रयोग गर्न, समयसान्दर्भिक सामग्री निर्माण गर्नका लागि आवश्यक तालिमको व्यवस्था हुनु पर्ने देखिएको छ । यद्यपि स्रोत साधनहरूको उचित तरिकाले संरक्षण एवम् प्रयोग गर्न दक्ष, कुशल र योग्य जनशक्तिको अभावमा शिक्षण कार्य नै असफल, अप्रभावकारी र समग्र शैक्षिक विकासमा नै कम हुने देखिएको छ ।

शिक्षण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न र विद्यार्थीहरूको सिकाइ कार्यलाई व्यवहारिक बनाउन दक्ष एवम् योग्य तालिमप्राप्त शिक्षकको अपरिहार्य छ । त्यसैले यस शोधपत्रमा अनुसन्धानकर्ताले सम्बन्धित विद्यालयहरूमा गएर शैक्षिक सामग्ीहरूको निर्माण एवम् सङ्कलन गर्न, छुट्टै भण्डारण गर्ने कोठाको व्यवस्था, शैक्षिक प्रणाली सुधार गर्नका लागि पाठ्यक्रम, पाठ्पुस्तक तथा सहायक सामग्ीहरूको स्तर निर्धारणको अवस्था अनुसन्धान गर्न सहयोग भएको छ ।

# परिच्छेद : तीन
# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस शोधपत्रमा शोधकर्ताले अनुसन्धान कार्यमा धनकुटा जिल्लाको सिधुवा स्रोतकेन्द अन्तगर्तका ७ ओटा सामुदायिक विद्यालयको प्राथमिक तहमा शैक्षिक सामग्रीहरूको व्यवस्थापनको तुलनात्मक अध्ययन गर्ने क्रममा गुणात्मक र परिमाणात्मक विधि अपनाइएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया

कुनै पनि विषय वा समस्याको (आधार) बारेमा गरिने अध्ययन, अनुसन्धानवाट निष्कर्षमा पुग्नका लागि तथ्याङ्क आवश्यक स्रोत हुने गर्दछन् । तथ्याङ्कको अभावमा निष्कर्षमा पुग्न वा समस्याको समाधनमा सुझावहरू प्रस्तुत गर्न सकिदैन । प्रस्तुत विषयमा निष्कर्षमा पुग्न तथा अध्ययनको विषयमा देखिएको समस्याको समाधनका लागि सुझावहरू प्रस्तुत गर्ने परिमाणत्मक र गुणात्मक तथ्याङ्कहरू संङ्कलन गरिएका छन् ।

### ३.२.१ नमूना जनसङ्ख्या

कुनै पनि विषयमा गरिने अध्ययनका लागि सो विषयसँग सम्वन्धित सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न सम्भव हुदैन । तसर्थ प्रस्तुत विषयको अध्ययन  धनकुटा जिल्लाको सिधुवा स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरूको परिधिभित्र सिमित रहेको छ । सिधुवा स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरूलाइ अनुसुचि (१) मा सुचीकृत गरिएको छ । यी मध्ये ७ वटा विद्यालयको नमुना छनौट गरी  । उक्त विद्यालय प्र.अः २/२ जना शिक्षक, वि.व्य.स.अध्यक्ष र विद्यालयका २/२ जना  छात्र तथा छात्राहरूको छनौट गरी शोधपत्र तयार गरिएको छ ।

### ३.२.२ नमुनाको आकार

धनकुटा जिल्लाको सिंधुवा स्रोतकेन्द्र अन्तर्गतका सम्पूर्ण विद्यालयहरूको अध्ययन गर्नु सम्भव भनएकोले उक्त स्रोतकेन्द्रका २२ वटा विद्यालयमध्ये नमुना छनौटका आधारमा ७ वटा सामुदायमा जाने  विद्यालयलाई समावेश गरिएको छ ।

नमुना छनौटमा रहेका विद्यालयहरूका नामावली निम्न रहेका छन्

| क.सं. | विद्यालय नाम | प्र.अ. | शिक्षक/ शिक्षिका | विद्यार्थी | वि.व्य.स. | स्रोतव्यक्ति |
|---|---|---|---|---|---|---|
| क | श्री महामाया प्रा.वि. सल्लेरी | 1 | 2 | 2 | 1 | |
| ख | श्री जनकल्याण प्रा.वि. घुरघुरे | 1 | 2 | 3 | 1 | |
| ग | श्री प्रा.वि. नामजाङ्ग | 1 | 2 | 2 | 2 | |
| घ | श्री आधारभूत प्रा.वि. परेवादिन | 1 | 1 | 2 | 1 | 1 |
| ङ | श्री मूर्तिमहेश्वर मा.वि. कोलचौर | 1 | 3 | 4 | 1 | |
| च | श्री सल्ले प्रा.वि. सल्ले | 1 | 2 | 2 | 1 | |
| छ | श्री जालपा प्रा.वि. जरिङ्गेनी | 1 | 1 | 2 | | |
| | जम्मा | 7 | 13 | 17 | 8 | 1 |

स्रोत : स्थलगत अध्ययन, २०६७

## ३.२.३ नमुना छनौट विधि

प्रस्तुत अध्ययनलाई प्रभावकारी बनाउने हैसियतले धनकुटा जिल्ला सिंधुवा स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरूमध्येबाट ७ वटा सामुदायमा जाने विद्यालयहरूलाई Purposiv sampling method द्वारा विद्यालयहरू छनौट गरी उक्त विद्यालयहरूको तथ्याङ्क सङ्कलन गर्नका लागि शिक्षक एवम् विद्यार्थीहरूलाई Random sampling method विधि अपनाइएको छ ।

### ३.२.४ नमुना छनौटको आधार

सिंधुवा स्रोतकेन्द्रअन्तर्गतका २२ वटा विद्यालयहरू मध्ये ७ ओटा विद्यालयहरूको छनौट गरिएको छ । उक्त विद्यालयहरूमा शैक्षिक सामग्रीहरूको निर्माण एवम् सङ्कलन गर्ने प्रक्रिया र सामग्री भण्डारण, प्रयोगको प्रभावकारिताको आधारमा छनौट गरिएको छ । उक्त आधार बाहेक कक्षा छोड्ने दर औषत प्रतिशत दर लगायत विद्यालयका भौतिक सुविधाहरूको आधारमा छनौट गरिएको छ ।

## ३.३ अनुसन्धानका साधन

विद्यालयका शैक्षिक प्रगतिका सुचकहरूमा हुने सकारात्मक परिवर्तनले शैक्षिक प्रगति देखाउँछ । विद्यालयका शैक्षिक प्रणालीमा प्रभावकारीता ल्याउनका लागि शैक्षिक सामग्रीको समग्र व्यवस्थापनले पारेको प्रभावलाई आकनन गर्ने सकिन्छ । यसका लागि विद्यालयका अभिलेखहरू संकलन गरीयो । विद्यालयका प्रत्यक्ष व्यक्तिहरूसँग वा विद्यार्थीहरूसँग प्रश्नावनी मार्फत विद्यालयमा शैक्षिक सामग्रीको निर्माण एंव भण्डारण गर्ने, सामग्रीको समग्र व्यवस्थापनमा देखिएको समस्यालाई पहिचान गर्ने र समाधनका उपायहरू समेत सुझावको रुपमा संकलन गर्ने काम भएको छ । यसका लागि विद्यालयका प्र.अ., शिक्षक, वि. व्य. स. अध्यक्ष, विद्यार्थी लगाएत सरोकारवाला तथा स्रोतव्यक्तिसँग प्रश्नावली प्रस्तुत गरिएको छ ।

## ३.४ तथ्याङ्क स्रोतहरू

यस शोधपत्रलाई यथार्थपरक बनाउन तथ्याङ्क सङ्कलन गर्न निम्न स्रोतहरूको प्रयोग गरी तथ्याङ्क विश्लेषण गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

शोधपत्रलाई प्रभावकारी एवम् यथार्थपरक बनाउने मूख्य आधार नै प्राथमिक स्रोत हो । यस शोधपत्रमा अनुसन्धानकर्ता सम्बन्धित विद्यालहरूमा गएर प्रश्नावलीको माध्यमद्वारा प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष एवम् सरोकारवालाहरू तथ्याङ्क संकलन गर्न प्राथमिक स्रोतका रुपमा लिइएको छ ।

### ३.४.२ द्वितीय स्रोत

यस शोधपत्रलाई पूर्णता दिन प्राथमिक स्रोतको विकल्पमा विभिन्न पत्रपत्रिका, लेख रचना, पाठ्यपुस्तक एवम् सिद्धान्तहरूको अध्ययन गरी थप सहयोगका लागि द्वितीय स्रोतका रुपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क प्रस्तुति, विश्लेषण र व्याख्या

विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई सही रुपमा बुझ्न यसको विश्लेषण गरिनु पर्दछ । तथ्याङ्क विश्लेषण नगरिएको अवस्थामा तथ्याङ्क पूर्ण भएको मानिदैन । तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण यथार्थ कुराको जानकारी हासिल हुने हुनाले अनुसन्धानमा पनि उद्देश्य अनुरुप यथार्थपरक जानकारी हासिल गर्न तथ्याङ्कको विश्लेषण गरिएको छ । उद्देश्यअनुरुप तथ्याङ्क सङ्कलन भएपछि विषयवस्तु अनुसार छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरिएको । तालिकामा प्रस्तुत गरिएको संख्यात्मक तथ्याङ्कलाई प्रतिशतमा समेत उल्लेख गरिएको छ । यसरी प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण र व्याख्या गर्ने कार्य गरिएको छ ।

# परिच्छेद : चार
# तथ्याङ्क विश्लेषण तथा प्रस्तुती

अध्ययनको छनौटमा ७ वटा विद्यालयहरू परेका थिए । जसमध्ये शैक्षिक सामग्री निर्माण एवम् सङ्कलन गरी व्यवस्थापन गरेका विद्यालयको शैक्षिक उपलब्धिबारे पत्ता लगाउन, शैक्षिक सामग्रीको वयवस्थापन गर्नमा देखिएका समस्या सुल्फाउनका लागि प्रत्येक विद्यालयबाट प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष र २/२ जना छात्रा/छात्राको प्रतिनिधित्व हुने गरी छनौट गरेर तथ्याङ्कलाई निम्नलिखित विश्लेषण गरिएको छ ।

## ४.१ शैक्षिक समग्रीको अवस्था पहिचान गर्न प्र.अ.हरूसँग लिएको अन्तरवार्ता

नमुना छनौटमा रहेका विद्यालयहरूको शैक्षिक सामग्रीको अवस्थालाई पहिचान गर्नका निम्ति प्रत्येक विद्यालयका प्र.अ.हरूलाई ५/५ वटा खुल्ला प्रश्नावली तयार गरी लिएको अन्तरवार्ताबाट संकलन गरिएको तथ्याङ्कलाई समग्रमा विश्लेषण गरिएको छ ।

प्रश्न नं. (१) को प्रत्युत्तरमा विद्यालय (क), (ङ) र (च) का प्र.अ.हरूले शैक्षिक सामग्रीको अवस्था कमजोर हुँदै गएको बताएका थिए जसमा विषयगत शिक्षक निर्देशिका उपलब्ध नहुने, विषयवस्तुसँग सम्बन्धित सन्दर्भसामग्री पुस्तकहरू उपलब्ध नहुने र शिक्षक र विद्यार्थीद्वारा निर्माण गरिएका साम्रग्री नै प्रयोगमा ल्याउने गरेको बताएको पाइयो भने विद्यालय (ख) (ग) (घ) र (छ) का प्र.अ.हरूले केही पुराना भएका र शिक्षक विद्यार्थीहरूले निर्माण गरेका, विद्यालयले खरिद गरेका जस्ता सालाखाला सामग्री रहेको पाइयो ।

प्रश्न नं. (२) को प्रत्युत्तरमा सबै विद्यालयका प्र.अ.हरूले एकपटक प्रयोगमा ल्याएका सामग्रीलाई सुरक्षित तरिकाले राख्ने, शैक्षिक सामग्री भण्डारण गर्ने छुट्टै कोठाको व्यवस्था हुनु पर्ने, उक्त कोठामा विषयगत शिक्षकहरूको आ-आफ्नै दराजको व्यवस्था हुनु पर्ने, विषयगत सामग्रीहरू विषयगत शिक्षकलाई नै सुरक्षा गर्न दिनु पर्ने, प्रयोगशाला कोठाको व्यवस्था हुनु पर्ने जस्ता सुधारात्मक पक्षहरू भएको पाइयो ।

प्रश्न नं. (३) को उत्तरमा विद्यालय (क) (छ) का प्र.अ.ले शैक्षिक सामग्री निर्माणको तालिम राम्रो तालिम हो, जुन तालिमले स्थानीय स्रोत साधनहरूलाई परिचालन गरेर सदुपयोग गर्न सिकाउँछ भनि बताएका थिए भने विद्यालय (ख) (ग) (घ) (ङ) र (च) का प्र.अ.हरूले सर्वप्रथम शिक्षक तालिमबाट फर्केपछि अन्य शिक्षकहरूसँग छलफल गरेर सामग्री निर्माण

गर्नु पर्छ । अर्को पक्ष भनेको स्थानीय साधनबाट सामग्री बनाउन सजिलो हुनाले मूल्य नपर्ने सामग्रीहरूको व्यवस्था गर्ने गरेको पाइयो ।

त्यस्तै गरी शैक्षिक सामग्री दीर्घकालीन रुपमा टिकाउनको लागि विद्यालयको आर्थिक भार न्यून पार्नको लागि र एकपटक प्रयोगमा ल्याएको सामग्री पुन : प्रयोगमा ल्याउन सजिलो हुनाले भण्डारण गर्नु पर्ने कुरा बताएका थिए । जसमा कुनै पनि विद्यालयमा शैक्षिक सामग्रीको समस्यालार्य समाधान गर्नका लागि सर्वप्रथम शिक्षक स्टाफमा छलफल गर्ने, स्थानीय स्तरबाट निर्माण गर्नका लागि तालिमबाट सिकेका प्रविधिको बाँडफाँड गर्ने, विद्यालयको रकमबाट खरिद गर्ने र विद्यार्थीहरूलाई पनि संलग्न गरी शैक्षिक सामग्री निर्माण गरेको पाइयो । (जसलाई अनुसूची २ मा राखिएको छ)

### ४.१.१ शैक्षिक सामग्री निर्माण तथा भण्डारण गर्नमा प्र.अ.सँग प्रस्तुत गरी सङ्कलन गरिएको तथ्याङ्क विश्लेषण

तालिका : १

शैक्षिक सामग्री निर्माण तथा भण्डारण गर्नमा प्र.अ.सँग अनुसुची (३) बमोजिम बन्द र खुल्ला प्रश्नावली प्रस्तुत गरी सङ्कलन गरिएको तथ्याङ्क विश्लेषण

| क्रस | राम्रा पक्षहरू | क्रस | नराम्रा पक्षहरू |
|---|---|---|---|
| १ | शैक्षिक सामग्री उपलब्धता बारे सम्बन्धित निकायमा पहल गर्ने | १ | शैक्षिक सामग्री उपलब्ध गराउने सम्बन्धित निकायले ढिलासुस्ती गर्नु |
| २ | शैक्षिक सामग्रीको निर्माणका लागि तालिममा शिक्षकलाई पठाउने | २ | तालिममा सिकेका कुराहरू सदुपयोग नगर्नु । |
| ३ | शैक्षिक सामग्री भण्डारण गर्न वि.व्य.स.सँग परामर्श गर्नु | ३ | एकपटक प्रयोगमा ल्याएका सामग्रीहरू असुरक्षित ढङ्गले राख्नु |
| ४ | वि.व्य.स.सँग परामर्श गरी सम्बन्धित निकायमा भवन निर्माणको लागि माग गर्ने | | |
| ५ | स्थानीय स्रोत साधनको सदुपयोग हुनेगरी सामग्री निर्माण गर्ने | | |
| ६ | विद्यार्थीहरूलाई पनि सामग्री निर्माणमा सहभागी गराउने | | |

स्रोत : स्थलगत अध्ययन २०६७

प्रस्तुत तालिकामा शैक्षिक सामग्री निर्माण र भण्डारण गर्ने सन्दर्भमा प्रअ.सँग गरिएको विश्लेषण प्रतिक्रियालाई समावेश गरिएको छ । बन्द र खुला प्रश्नावलीको माध्यमद्वारा प्र.अ.हरूलाई गरिएको प्रश्नावलीमा समग्रमा प्र.अ.हरूबाट आएका राम्रा पक्षहरू र नराम्रा पक्षहरूलाई उक्त तालिकामा उल्लेख गरिएको छ । शैक्षिक सामग्री निर्माण गर्नका लागि तालिमको व्यवस्था गर्ने, शैक्षिक सामग्रीलाई सुरक्षित एवम् संरक्षण गर्नको लागि भण्डारण गर्ने कोठाको व्यवस्थापन गर्नका लागि पहल गर्ने र शैक्षिक सामग्री निर्माणका लागि विद्यार्थीहरूलाई पनि सहभागी गराउने भन्ने राम्रो पक्ष पाइएको छ भने शिक्षण सामग्री उपलब्ध गराउनमा सम्बन्धित निकायले ढिलसुस्ती गर्ने, तालिममा सिकेका कुराहरूलाई सदुपयोग नगर्ने र प्रयोगमा ल्याएका सामग्रीलाई असुरक्षित ढङ्गले राख्ने जस्ता कार्यहरू नराम्रा पक्षको रुपमा लिएको पाइएको छ ।

## ४.१.२. शैक्षिक सामग्री व्यवस्थापनको समास्यालाई समाधान गर्न प्र.अ. को भूमिका विश्लेषण

शिक्षा प्रणालीलाई सफल एवंम प्रभावकारी ढंगबाट सफल पार्नका लागि शैक्षिक सामग्रीको व्यवस्थापन पक्ष महत्पूर्ण हो । त्यसैले शैक्षिक सामग्रीको व्यवस्थापन देखिएको समस्यालाई समाधान गर्न प्र.अ.ेका कस्तो भूमिका रहेको हुन्छ ? भनि अनुसूची ४ बमोजिम प्रस्नावली तयारी गरी लिएको अन्तरवार्ताबाट संकलन गरिएको तथ्याङ्कलाई समष्टिगत रुपमा विश्लेषण गरी तयार पारिएको छ ।

सर्वप्रथम विद्यालयमा रहेका शैक्षिक समाग्रीको पहिचान गर्ने, शैक्षिक सामग्रीको आवश्यकताबारे छलफल गर्ने र शिक्षक स्टाफ वैठक बसेर तालिमको व्यवस्था भएमा शिक्षकलाई तालिममा पठाउने भन्ने कुरा समग्रमा पाइयो । शैक्षिक सामग्रीले शिक्षण गर्नलाई प्रभावकारी, सफल एवंम रुचीपूर्ण पार्नका साथै शैक्षिक सामग्री व्यवस्थापन गर्दा शैक्षिक सामग्रीको व्यवस्थापन हुने, एक पटक प्रयोगमा ल्याएको सामग्री पुनः प्रयोगमा ल्याउन सजिलो हुने र शिक्षकमा पनि कार्यदक्षताको विकास हुने कुरा बताएका थिए । यसरी शैक्षिक सामग्री व्यवस्थापन गर्दा विविध समस्या अवरोध देखा पर्दछन् । सबै विद्यालयका प्र.अ. हरूले बताएका समस्यालाई विश्लेषण गरेर समग्रमा उल्लेख गरिएको छ । जस अन्तर्गत शैक्षिक सामग्री निर्माण गर्नका लागि प्र.अ. वैठकमा तालिमको व्यवस्था गर्नमा पहल गर्नु शिक्षक स्टाफ लगाएत वि.व्य.स. सँग परामर्श गरी आपसी सदभावको विकास

गर्न र शैक्षिक सामग्री लगाएतका सहायक सन्दर्भ सामग्रीहरु समयमानै उपलब्ध गराउन प्र.अ. वैठकमा छलफल गरेर सम्बन्धित निकायमा पहल गर्ने, आवश्यक अन्य स्रोत साधनहरुको व्यवस्थापन गर्न शैक्षिक सामग्री भण्डारणमा सुरक्षित गर्ने र प्रयोगशाला कोठाको छुट्टै व्यवस्थापन गर्ने जस्ता महत्वपूर्ण उपायहरु रहेको पाइयो ।

## ४.२ शैक्षिक सामग्री निर्माण तथा भण्डारमा शिक्षकसँग प्रश्नावली तयार गरी संकलन गरिएको तथ्याङ्क

तालिका २

शैक्षिक सामग्री निर्माण तथा भण्डारमा शिक्षकसँग अनुसूची (५) बमोजिम प्रश्नावली तयारगरी संकलन गरिएको तथ्याङ्क

| क्र. सं. | राम्रा पक्ष | क्र. सं. | नराम्रा पक्ष |
|---|---|---|---|
| १ | शैक्षिक सामग्री निर्माण गर्नमा समय सान्दर्भिक तालिमको व्यवस्था हुने | १ | शैक्षिक सामग्रीको निर्माण गराउन सम्बन्धित पक्षले चासो नदेखाउने |
| २ | कममूल्य लाग्ने तथा पैसा नलाग्ने शैक्षिक सामग्रीको निर्माण हुने | २ | तालिममा सिकेका कतिपय कुरा ( शैक्षिक सामग्री निर्माण) अनुगमन नहुनु |
| ३ | एकपटक प्रयोगमा ल्याएको शैक्षिक सामग्री पुनः प्रयोगमा ल्याउनको लागि सुरक्षित राख्ने | ३ | स्तरयुक्त पाठ्यक्रमको व्यवस्था नहुनु |
| ४ | शैक्षिक सामग्री भण्डाण तथा प्रयोगशाला व्यवस्थाको लागि परामर्श गर्ने | | |
| ५ | शैक्षिक सामग्री निर्माणमा विद्यार्थीहरू पनि उत्सुक हुने | | |
| ६ | स्थानीय स्रोतहरूको सदुपयोग हुनको साथै शिक्षककोजनशक्तिमा विकास हुनु | | |

स्रोत : स्थलगत अध्ययन,२०६७

प्रस्तुत तालिकामा शैक्षिक सामग्री निर्माण तथा भण्डारणमा शिक्षकको प्रतिक्रियालाई समग्रमा विश्लेषण गरिएको छ । शैक्षिक सामग्री निर्माण गर्नमा तालिमको व्यवस्था हुने तर सो तालिमलाई व्यवहारमुखी वनाउन कायान्वयन पक्षमा ध्यान दिएका छन् वा छैनन् भन्नको लागि अनुगमन नहुनु जस्ता कमजोरी पक्ष औल्याएका छन् । तलिमको व्यवस्थाले गर्दा स्थानीय स्रोतहरूको निर्माण हुने कम मूल्य पर्ने र मूल्य नपर्ने जस्ता शैक्षिक सामग्रीको व्यवस्था हुने वताएका थिए । एकपटक प्रयोगमा ल्याइसकेको सामग्रीलाई सुरक्षित राख्ने र उक्त सामग्रीलाई भण्डारण गर्ने र प्रयोग गर्ने छुटै काठाको व्यवस्था हुनुपर्ने वताएका थिए, साथै स्थानीय स्रोतलाई सामग्री बनाउन वा प्रयोगमा ल्याउन विद्यार्थी सहभागी गराउदा उनीहरूले उत्सुकता देखाउने पनि बताएका थिए ।

## ४.३ शैक्षिक सामग्रीको प्रभावकारिताबारे  शिक्षकसँग प्रश्नावली प्रस्तुत गरी सङ्कलन गरिएको तथ्याङ्क विश्लेषण

तालिका ३

शैक्षिक सामग्रीको प्रभावकारिताबारे  शिक्षकसँग अनुसुची (६) बमोजिम बन्द र खुल्ला प्रश्नावली प्रस्तुत गरी सङ्कलन गरिएको तथ्याङ्क विश्लेषण

| क्रस | राम्रा पक्षहरू | क्रस | नराम्रा पक्षहरू |
|---|---|---|---|
| १ | विद्यार्थीहरू नियमित विद्यालय आउने | १ | कक्षा शिक्षणमा पनि सहभागि हुने उत्कृष्ट विद्यार्थीहरूलाई मात्र उत्साहित हुने र कमजोर विद्यार्थीहरूको लागि आलस्य हुने । |
| २ | कक्षा शिक्षण सहभागितामा उत्सुकता देखाउने | २ | शिक्षक विद्यार्थीबीचको अन्तरक्रियामा राम्रा विद्यार्थीहरूलाई मात्र समावेश गराउने |
| ३ | शिक्षक र विद्यार्थीबीच अन्तरक्रिया राम्रो हुने | ३ | शैक्षिक सामग्रीको गुणस्तरमा ह्रास हुने |
| ४ | शिक्षण कार्य रुचीपूर्ण हुने | | |
| ५ | कक्षा प्रस्तुतीकरण राम्रो हुने | | |
| ६ | शिक्षकको क्षमतामा अभिवृद्धि हुने | | |

स्रोत :स्थलगत अध्ययन,२०६७

उपयुक्त तालिकामा शैक्षिक सामग्रीको प्रभावकारीतावारे शिक्षक सँग लिएको अन्तवार्ता प्रतिक्रियालाई समग्ररुपमा राम्रा पक्ष र नराम्रा पक्ष छुट्टयाई तालिकामा समावेश गरिएको छ । विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्थापन राम्रो हुने हो भने विद्यार्थीहरू नियमित विद्यालय आउने, कक्षा शिक्षणमा उत्सुकता देखाउने, विषयवस्तुमा अन्तर्क्रियात्मक छलफल हुने, शिक्षणकार्य रुचिपुर्ण हुने र शिक्षण कार्यमा समेत शिक्षकको क्षमता अभिवृद्धि हुने जस्ता राम्रा पक्षहरू शिक्षकले बताएका थिए भने विद्यार्थीहरू विद्यालय आउनेमा अनियमित देखाउने र कक्षा शिक्षणमा उत्कृष्ट सहभागी  विद्यार्थीहरूलाई मात्र उत्साहित हुने र कमजोर विद्यार्थीहरूलाई वास्ता नगर्ने र छलफल  क्रियाकलापमा  पनि जान्ने विद्यार्थीहरूलाई मात्र सहभागी गराउने जस्ता नराम्रा पक्षहरू पनि बताएको पाइयो ।

## ४.४ शैक्षिक सामग्रीको उपलब्ध बारे स्रोतव्यक्तिसँग प्रश्नावली प्रस्तुत गरी सङ्कलन गरिएको तथ्याङ्क

तालिका ४

शैक्षिक सामग्रीको उपलब्ध बारे अनुसुची (७) बमोजिम स्रोतव्यक्तिसँग बन्द र खुल्ला प्रश्नावली प्रस्तुत गरी सङ्कलन गरिएको तथ्याङ्क

| क्रस | राम्रा पक्षहरू | क्रस | नराम्रा पक्षहरू |
|---|---|---|---|
| १ | विद्यालयमा आवश्यकता अनुसारको शैक्षिक सामग्रीको उपलब्धताको लागि पहल गर्नु | १ | विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धता भएपनि शिक्षकले प्रयोगमा नल्याएको |
| २ | विद्यालयमा देखिएको शैक्षिक सामग्रीको समस्याहरूलाई समाधानको निम्ति सम्बन्धित निकायमा पहल गर्नु | २ | शैक्षिक सामग्री सम्बन्धित निकायबाट समयमा नै उपलब्ध नभएको |
| ३ | समय सापेक्ष पाठ्यक्रम एवं सामग्री निर्माण सम्बन्धि तालिमको व्यवस्था गर्नु | ३ | आवश्यकतानुसार तालिमको व्यवस्था भएतापनि तालिम लिने चासो नभएको |
| ४ | विद्यालयका सामग्रीको पहिचान गरी प्रयोगको बारेमा अनुगमन गर्नु | ४ | उपयुक्त सामग्री प्रयोगका लागि दक्ष जनशक्तिको कमि भएको |
| ५ | शैक्षिक सामग्री खरिदका लागि थप रकम प्राप्त गर्न पहल गर्नु | ५ | शैक्षिक सामग्री खरिद गर्ने रकम भएतापनि अन्य शीर्षकमा नै खर्च गर्नु |

स्रोत : प्रत्यक्ष भेटवार्ता, २०६७

प्रस्तुत तालिकामा विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धताबारे स्रोतव्यक्तिको विश्लेषण प्रतिक्रियालाई समावेश गरिएको छ । विद्यालयमा आवश्यक सामग्रीको लागि पहल गर्ने र समय सापेक्ष पाठ्यक्रम निर्माणका साथै सामग्री निर्माण गर्ने र भण्डारण गर्ने जस्ता पक्षको तालिमको व्यवस्था मिलाउन सम्बन्धित निकायमा पहल गर्ने बताएका थिए । विद्यालयमा देखिएका शैक्षिक सामग्रीको पहिचान गरी सामग्री खरिद गर्न आवश्यक रकमका माग गरी दिने समेत बताएका थिए ।

शैक्षिक सामग्री समग्रमा सबै विद्यालयहरूमा उपलब्ध भएको भएतापनि शिक्षकहरूले सदुपयोगमा नल्याएका र कतिपय विद्यालयका शिक्षँकहरू तालिमको व्यवस्था भएतापनि तालिममा सहभागी हुन उत्सुकता नदेखाएका कुरा बताएका थिए भने विषयगत आधारमा शिक्षक निर्देशिका एवम् अन्य सन्दर्भसामग्रीहरू सम्बन्धित निकायले समयमा नै उपलब्ध नगराएको कुरा पाइयो ।

## ४.५ शिक्षकहरूसँग प्रश्नावली प्रस्तुत गरी शैक्षिक सामग्रीको अवस्था बारे सङ्कलन गरिएको तथ्याङ्क

तालिका ५

शिक्षकहरूसँग अनुसूची (८) बमोजिम बन्द र खुल्ला प्रश्नावली प्रस्तुत गरी शैक्षिक सामग्रीको अवस्था बारे सङ्कलन गरिएको तथ्याङ्क :

| क्र स | राम्रा पक्षहरू | क्र स | नराम्रा पक्षहरू |
|---|---|---|---|
| १ | शैक्षिक सामग्री विषयगतरुपमा खरिद गर्नमा विद्यालयबाट आर्थिक रकम प्राप्त गर्नु | १ | वि.व्य.स.ले प्रशासनिक कार्यमा दवाव दिनु |
| २ | स्थानीय स्तरबाट नै सामग्री निर्माण गर्नमा तालिमको व्यवस्था हुनु | २ | शैक्षिक सामग्री खरिद गर्नमा वि.व्य.स.बाट अनुमति लिनु |
| ३ | खेलकुद सामग्रीहरू उपलब्ध हुनु | ३ | शैक्षिक सामग्री तालिममा पठाउन पूर्वाग्रही हुनु |
| ४ | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नका लागि सामग्रीको व्यवस्था हुनु | ४ | खेलकुद सामग्री एवं शैक्षिक सामग्री कमसल खालको खरिद गर्नु |
| ५ | शैक्षिक सामग्री भण्डारणका लागि पहल गर्नु | | |
| ६ | शिक्षण कार्य प्रभावकारी ढङ्गले सञ्चालन हुनु | | |

स्रोत : स्थलगत अध्ययन,२०६७

प्रस्तुत तालिकामा नमुना छनौटमा रहेका विद्यालय अन्तर्गत शिक्षकहरूसँग बन्द र खुल्ला प्रश्नावली प्रस्तुत गरी शैक्षिक सामग्रीको अवस्थाबारे पहिचान गर्दा विषयगत रुपमा शैक्षिक सामग्रीको व्यवस्था गर्नका लागि विद्यालयको आर्थिक मौज्दातबाट खर्च गर्नु, शैक्षिक सामग्रीको निर्माण गर्नमा तालिमको व्यवस्था हुनु लगायत खेलकुदका सामग्रीहरू उपलब्धताले गर्दा पनि विद्यार्थी नियमिततामा उत्सुकता भएको पाइएको छ । साथै विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि सामग्रीको व्यवस्था हुनु र शैक्षिक सामग्री भण्डारण गर्ने कार्यमा पहल गर्नु जस्ता उल्लेखनीय कार्यले गर्दा पनि विद्यार्थीहरूको सिकाइप्रतिको अभिप्रेरणा जागेको पाइएको छ भने विद्यालय कार्यमा दवाव गर्नु, शै.सा. निर्माण तालिमको लागि पूर्वाग्रही हुनु र खेलकुद सामग्री खरिद गर्दा कमसल खालको खरिद गर्नु जस्ता नराम्रा पक्षहरू रहेको पाइएको छ ।

## ४.६ शैक्षिकसमग्रीको प्रयोग गर्दा विद्यार्थीलाई अनुभव लागेको प्रतिक्रिया विश्लेषण

तालिका ६

शैक्षिक सामग्री प्रयोग गर्दा विद्यार्थीहरूलाई अनुभव लागेको प्रतिक्रिया तथ्याङ्क सङ्कलन गर्न अनुसूची (३) बमोजिम तयार पारिएको अन्तर्वाता विश्लेषण -

| क्र.सं. | राम्रा पक्षहरू | सङ्ख्या | क्र.सं. | नराम्रा पक्षहरू | सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | शिक्षकले प्रयोग गर्ने सामग्रीहरू, गाइको चित्र, शब्दपत्ति, हात्तीको चित्र, नेपालको नक्सा, ज्यामिती बक्स आदि हुन् । | १० | १ | विषयगत सामग्रीहरू भएतापनि शिक्षकले प्रयोगमा ल्याउन अल्छि मान्नु । | ४ |
| २ | विद्यार्थीहरूले हल्ला नगर्ने, शिक्षकसँग छलफल गरेर मात्र विषयवस्तु अगाडि बढाउने हुन्छ । | ८ | २ | शिक्षकले छलफल गर्दा जान्ने विद्यार्थीलाई मात्र केन्द्रित गर्ने हुन्छ । | ६ |
| ३ | सिकाइ प्रभावकारी, प्रष्ट हुने, अल्छि नलाग्ने, पढ्न अभिप्रेरणा हुने गर्दछ । | १० | ३ | | |

स्रोत : स्थलगत अध्ययन २०६७

प्रस्तुत तालिकामा शैक्षिक सामग्री प्रयोग गरेर विद्यार्थीहरूलाई पढाउँदा उनीहरूलाई अनुभव लागेको प्रतिक्रियालाई विश्लेषण गरेर तालिकामा उल्लेख गरिएको छ । विद्यालयमा शिक्षकले

प्रयोग गर्ने सामग्रीहरू गाईको चित्र, विभिन्न शब्दपत्ति, नेपालको नक्सा, विश्वको नक्सा, ज्यामिति बक्स आदि रहेको पाइयो । साथै कतिपय विद्यालयका शिक्षकहरूले सामग्री भएतापनि प्रयोग नगरी पढाएको पाइयो । त्यस्तै गरी शैक्षिक सामग्री प्रयोग गर्दा विद्याथीहरू हल्ला नगर्ने, शिक्षकसँग छलफल गर्ने र सिकेका विषयवस्तु रुचीपूर्ण हुने, प्रष्ट हुने, पढ्न अल्छि नलाग्ने र सिकाइप्रति विद्यार्थीहरू अभिप्रेरित हुने पाइएको छ । तर सामग्री प्रयोग गरेर विषयवस्तुमा केन्द्रित भइ छलफल गर्दा जान्ने विद्यार्थीहरूलाई मात्र केन्द्रित गरिको पाइयो ।

## ४.७ भौतिक व्यवस्थापन पक्षमा वि.व्य.स.को भूमिकाबारे पदाधिकारीसँग लिएको अन्तर्वार्ता विश्लेषण

विद्यालय व्यवस्थापनको महत्वपूर्ण पक्ष भनेको अभिभावक हो यस अन्तरर्गत विद्यालयलाई सही मार्ग निर्देशन गर्नका लागि नेतृत्वदायी समितिको चयन गर्नुपर्दछ । त्यसैले विद्यालयको भौतिक व्यवस्थापनपक्षमा वि.व्य.स.को भूमिका कस्तो छ ? भन्न लागि प्रश्नावलीबाट वि.व्य.स. समितिसँग अन्तर्वार्ता लिएको तथ्याङ्क विश्लेषण समग्रमा प्रस्तुत गरिएको छ ।

भौतिक पक्षमा सुधार गर्नु पर्ने अवस्थालाई सबै विद्यालयका पदाधिकारीहरूबाट आएको तत्याङ्कलाई विश्लेषण गर्दा सबैप्रथम वि.व्य.स.को वैठक वसी अभिभावक भेलामा छलफल गरेर, आवश्यक स्रोत साधान जुटाउनका निम्ती सम्बन्धित  निकायमा पहलगर्ने र विभिन्न संघ संस्थाहरूसँग पनि माग गर्ने कुरा उल्लेख गरेको पाइयो । विद्यालयको भौतिक पक्षमा सुधारहुँदा विद्यालयको समग्र अन्य पक्षमा पनि सुधार हुने र विद्यालयको भौतिक पक्षमा सुधार हँदा फाइदाहुने कुराहरू के के हुन भनि प्रश्नावलीद्वारा गरिएको अन्तर्वार्तामा आएको तथ्याङ्कलाई विश्लेषण गर्दा विद्यार्थीहरू विद्यालय आउन नियमितता हुने र अन्य व्यवस्थापनमा जस्तै खेलकुद सामग्री, शैक्षिक सामग्री, सन्दर्भ सामग्रीको व्यवस्थापन हुनाले शिक्षणकार्य प्रभावकारी हुने कुरा उल्लेख गरेको पाइयो ।

विद्यालयको शैक्षिक विकासको मेरुदण्डको रुपमा भौतिक पक्षलाई मानिन्छ । त्यसैले भौतिक सुविधा उपलब्ध भएका विद्यालयमा शैक्षिक स्तरमा वृद्धि, समुदायमा एकताकको भावनाको विकास हुनु तर भौतिक सुविधाको अभावले गर्दा शिक्षणमा पर्ने असरलाई समग्रमा यसरी विश्लेषण गरिएको छ । जसमा विद्यार्थी विद्यालय नआउने कक्षा छोड्ने दरमा वृद्धिहुने, अभिभावकको दवाव हुने, शिक्षकहरू कक्षाकोठमा जान मन नपर्ने जस्ता कुराहरू बताएको पाइयो ।

## ४.८ भौतिक सुविधाहरू

तालिका ६

नमुना छनौटमा रहेका विद्यालयका प्रधानाध्यापकसँग सङ्कलन गरिएको तथ्याङ्क

| | विद्यालयको नाम | भौतिक सुविधाहरू | शैक्षिक सामग्रीको अवस्था |
|---|---|---|---|
| १ | श्री महामाया प्रा.वि. सल्लेरी | क) तीनवटा भवन, खेलमैदान, खानेपानी, चर्पी भएको<br>ख) विद्यार्थीहरूका लागि उपयुक्त फर्निचरको व्यवस्था भएको | क) केही शैक्षिकसामग्री भएको<br>ख) केही थप हुदै गएको<br>ग) क्षिक निर्देशिका भएको |
| २ | श्री जनकल्याण प्रा.वि. घुरघरे | क) भवन सङ्ख्या–२,खेलमैदान, फर्निचर १५ जोडी, खानेपानी नभएको | क) शिक्षक निर्देशिका कम भएको<br>ख) शिक्षक निर्मित सामग्री भएको |
| ३ | श्री प्रा.वि. नामजाङ्ग | भवन संख्या ३, खेलमैदान, खानेपानी, तारघेरा भएको, २५ जोडी फर्निचर टेबल–५, कुर्सी –११ थान भएको | शैक्षिक सामग्री राख्ने दराजको व्यवस्था भएको, विद्यार्थीले विभिन्न चित्र बनाएका र केही थप हुदै गएका |
| ४ | श्री आधारभूत प्रा.वि.परेवादिन | भवन सख्या –२,खेलमैदान भएको, १२ जोडी डेक्स र ४ओटा टेवल र ४ ओटा कुर्सी भएको | शैक्षिक सामग्रीको रुपमा शिक्षक निर्देशिका,विभिन्न चार्ट अक्षरहरू र फ्लासकार्डहरू भएका |
